जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २५५ पृष्ठः ४ | २०८१ माघ २४ गते बिहिबार (Thursday 06 Feb. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## महशुल नबुझाउँदा विद्युत लाइन विच्छेद

सिरहा, २३ माघ। सिरहाको धनगढीमाई नगरपालिकाले यहाँका किसानले प्रयोग गरेका कृषि मिटरको विद्युत महशुल समयमा नबुझाउँदा नेपाल विद्युत प्राधिकरणले लाइन काट्न सुरु गरेको छ। गहुँ सिंचाई गर्ने मुख्य समयमा कृषि मिटरको लाइने काटिएछि किसान समस्यामा परेका छन्।

नगरपालिकाले दुई वर्षअघिदेखि नगरका किसानको विद्युत महशुल तिर्ने जिम्मा लिएको थियो। तर, लामो समयदेखि पालिकाले महशुल नतिरेपछि बाध्य भएर ठूला मिटरको लाइन काट्न सुरु गरिएको नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्रका प्रमुख अवधेश गुप्ताले बताए। उनले भने,"हामीले अहिले तीनओटा ठुला कृषि मिटरको लाइन काटेका छौं। नगरको सम्पूर्ण कृषि मिटरको बाँकी बक्यौता करोड भन्दा माथि छ। महशुल उठाउनको लागि लाइन काट्नुको विकल्प हामीसँग छैन।"

सिंचाई मिटरको लाईन काटिंदा वडा नं. ८ का सयौं किसान मर्कामा परेका छन्। "किसानले लगाएको गहुँमा सिंचाई गर्नु पर्ने समयमा विद्युतको लाईन काटियो। अहिले सिंचाइँ गर्न समस्या भईरहेको छ", स्थानीय किसान योगेश सिंहले भने,"नगरपालिकाले विद्युतको महशुल तिर्न सक्दैन भने जिम्मा लिनु हुन्न थियो। विनाकारण किसानले दुःख पाईरहेका छन्।" उनले यहाँ रहेको सामुहिक कृषि सिंचाई मिटरको रु दुई हजार दुई सय महशुल पुगेपछि प्राधिकरणले लाईन काटेको जानकारी दिए। उनले भने,"पालिकाले जिम्मा नलिएको भए हामी नियमित रुपमा महशुल बुझाउँथ्यौं। अहिले २२ हजार महशुलमात्र हैन, त्यसमा लाग्ने जरिवाना र पुनः जडान खर्च समेत किसानले बेहोर्नु पर्ने अवस्था आयो।" एउटै मोटरले यस क्षेत्रका ५० विगहाभन्दा धेरै जमिन सिंचाई गर्दै आइरहेका उनले जानकारी दिए।

समयमा विद्युतको महशुल नबुझाउँझा किसानमात्र हैन पालिका पनि आर्थिक मारमा परेको नगर कृषि संयोजन समितिका संयोजक समेत

–बाँकी दुई पेजमा

## सिरहा कारागारबाट बन्दी रिहा हुन अघि नाइकेलाई बुझाउनु पर्छ १० हजार ५ सय




**राहुल राय**

सिरहा, २३ माघ। गोलबजार नगरपालिका वडा नं. १० का ज्ञान यादव सिरहा कारागारबाट रिहा हुने दिन नजिकिदै गर्दा उनी खुशी हुनुको सट्टा तनावमा थिए। तनावको कारण थियो कैदमुक्त हुनु दुई दिन अघि जेलका नाइके विजय महतोलाई बुझाउनु पर्ने नजराना रकम कसरी जुटाउने ? उनले घरमा तारान्तार फोन गरेर १० हजार ५ सय रुपैयाँ मगाए। माघ१६ गते सिरहा कारागारबाट रिहा हुने दिन थियो। दुई दिन अघि नाइके महतोलाई १० हजार ५ सय नजराना बुझाए। यो घटना अपवाद होइन। सिरहा कारागार भित्रको निजाम हो। यहाँबाट रिहा हुने हरेक कैदी बन्दीले कैदमुक्त हुनु दुई दिन अघि नाइके विजय महतोलाई त्यति रकम बुझाउनै पर्छ। रिहाईको दिन नजिकिएसँगै कैदी बन्दीलाई ठूलो चिन्ता हुन्छ १० हजार ५ सय कसरी जुटाउने ? कैदमुक्त ज्ञान यादव भन्छन् रिहाई हुनु दुई दिन अघि नै उसले जेलका नाइके महतोलाई १० हजार ५ सय नजराना चढाउनै पर्छ। रिहा हुने एक साता अघि नै नाइके महतोले चेतावनी दिन्छन्। चेतावनी दिएको तीन दिन भित्र रकम नबुझाए कुटपिट गर्न थाल्छन्। असह्य यातना दिन थाल्छन्। कैदी बन्दीले घरमा फोन गरेर रकम मगाउँछन्।

धरौटी राख्न ढिला हुँदा दुई दिनका लागि कारागार चलान गरिएका रजदेव यादवले पनि १० हजार ५ सय नाइके महतोका पाउमा दाम चढाउनै पऱ्यो। राजदेव भन्छन्, त्यति रकम नदिएसम्म कारागारबाट निस्कनै दिएनन्। मन्दिर बनाउने, कारागारको भित्ता रंगाउने वा मर्मत गर्ने नाममा नाइके महतोले हरेक मुक्त हुने कैदी बन्दीसँग रकम असुल गर्छन्। सिरहा जेल भित्र नेपालको कानून चल्दैन। त्यहाँ विजय महतोले जे बोल्यो त्यही कानून बनेर लागु हुन्छ। हात हतियार खर खजाना मुद्दाबाट सजाय पाएर जेलमुक्त भएका कल्याणपुर नगरपालिकाका कैदी सकिल अन्सारी भन्छन् मैले पनि १० हजार ५ सय बुझाउनै पऱ्यो। उनले पनि नाइके महतोको कडा यातना भोग्नु परेको

–बाँकी तीन पेजमा

## मूर्ति सेलाउँदा डुबेर बेपत्ता विद्यार्थीको शव १४ घण्टा पछि फेला



रौतहट, २३ माघ। रौतहटको राजदेवी नगरपालिका–६ स्थित बागमती नदीमा सरस्वतीको मूर्ति विसर्जन गर्ने क्रममा डुबेर बेपत्ता भएका विद्यार्थीको शव १४ घण्टापछि फेला परेको छ। वडा ७ मुडवलवाका विद्यार्थीहरू मध्ये वर्ष २२ का सुरज यादव मंगलवार साँझ पौने ७ बजे डुबेर बेपत्ता भएका थिए। आफन्तको खबरपछि सशस्त्र प्रहरी बल बिओपी बेलविछ्वा, प्रहरी चौकी बेलविछ्वा र नेपाली सेनाको वीर दल गण रौतहटबाट खटिई गएको संयुक्त टोलीले खोजी गर्दै जाँदा आज बिहान सवा १० बजे मूर्ति सेलाएको स्थानबाट १०० मिटर दक्षिण बागमती नदीमा डुबेको अवस्थामा विद्यार्थीको शव फेला पारेको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी विक्रम हुमागाईंले बताए। मृतक विद्यार्थी स्थानीय प्रावि मूडबलावाका प्रधानाध्यापक उमेश यादवको छोरा हुन्।

## प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको छ : मन्त्री सिंह

**धर्बेन्द्र झा**

जनकपुर, २३ माघ। मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर कामकाज अगाडि बढाएको बताएको छ। स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले बुधबार धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा एचपिभी खोप अभियान २०८१/०८२को शुभारम्भ कार्यक्रममा बोल्दै यस्तो बताएको हो। उनले पाठे घरको मुखको क्यान्सरबाट नेपालमा प्रत्येक दिन चारदेखि छ जनासम्म महिलाको मृत्यु हुने गरेको तथ्याङ्क रहेको भन्दै नेपाल सरकारको लामो प्रयासपछि देशभर सञ्चालन भएको यो खोप




अभियानलाई सफल बनाउन सबै लाग्नुपर्ने बताए। कार्यक्रममा नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका प्रमुख सचेतक कुवरकान्त झाले स्वास्थ्य क्षेत्रमा सरकारले उपलब्ध गराउने गरेको सुविधामा गरिब निमुखा जनताको अझै पहुँच नरहेको भन्दै मधेश प्रदेशमा टोलटोलमा अभियानको बारेमा जनचेतना फैलाउनुपर्नेमा जोड दिए। कार्यक्रममा स्वास्थ्य निर्देशनालय मधेश प्रदेशका निर्देशक श्रवण नायकले माघ २२ गतेदेखि सञ्चालन भएको एचपिभी खोप अभियान फागुन ६ गतेसम्म चल्ने र मधेश प्रदेशको तीन लाख ६९ हजार १२४ जना बालिकालाई खोप लगाउने लक्ष्य रहेको बताए। कार्यक्रममा

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## एमपक्स संक्रमणबाट बचौं र बचाऔं

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना वस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो वढ्ने भएकाले सचेतना बढाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## महानगरपालिकाको सराहनीय अग्रसरता

बर्खामा काठमाडौंका कतिपय भित्री सडक र चक्रपथको मुख्य खण्ड हिलाम्य हुन्छ। बर्खामा पानी परेपछि वायु अपेक्षाकृत स्वच्छ हुन्छ। हावामा सासै फेर्न नसकिने प्रदूषण हुँदैन। हिउँदमा भने कचौरा आकारको काठमाडौंमा बिखालु हावा भरिन्छ। काठमाडौंको हावा हिउँदमा बिखालु हुने गरेको धेरै वर्ष भइसक्यो। धुलो र धुवाँ मिसिएपछि काठमाडौं उपत्यकाकै हावा सास फेर्नै नहुनेगरी अस्वस्थकर हुनपुग्छ। कुनै कुनै दिन त संसारमै आनन्ददायी हावापानी भएको मानिने काठमाडौंको हावाको प्रदूषण पनि विश्वस्तरकै हुनपुग्छ। हिउँदमा पानी परेपछि वा आँधीबेहरी चलेपछि मात्र काठमाडौंको हावा केही स्वच्छ हुने गर्छ। दुर्भाग्य, यो वर्ष हिउँदमा पानी नै परेन। फलस्वरूप, प्रदूषणको मात्र बढेर बूढापाका, बालबालिका र दमका रोगीहरू बिरामी पर्नसक्ने गरी यहाँको हावा बिखालु हुने जोखिम बढेको छ।

यसरी वायु प्रदूषण बढाउनेमा विशेषगरी सवारी साधन तथा अव्यवस्थित निर्माण नै मुख्य हुन्। मूलतः प्रदूषण मापदण्डबाहिरका सवारी साधनहरूले फाल्ने धुवाँका कारण नै काठमाडौंको हावा बिखालु भएको हो। यस्तै, चक्रपथलगायत निर्माणाधीन सडकहरूबाट उड्ने धुवाँ काठमाडौंको वायु प्रदूषणको अर्को मुख्य स्रोत मानिन्छ। यसैले होला काठमाडौं महानगरपालिकाले महानगरभित्र चल्ने सवारी साधनको आकस्मिक प्रदूषण परीक्षण सुरु गरेको छ। उपत्यकाको प्रदूषण नियन्त्रणका लागि स्थानीय तहबाट थालिएको सम्भवतः यो पहिलो सराहनीय कदम हो। काठमाडौं महानगरपालिकाको वातावरण व्यवस्थापन विभागले नेपाल सरकारका सम्बन्धित निकायहरूसँग मिलेर सञ्चालन गरेको प्रदूषण परीक्षणअनुसार डिजेलबाट चल्ने सवारी साधनमध्ये ७० प्रतिशत प्रदूषण मापदण्डबाहिर परेका थिए। समग्रमा भने प्रदूषण परीक्षणमा ५८ प्रतिशत सवारी साधन असफल भेटिएका छन्।

महानगरपालिकाका सम्बन्धित अधिकारीका अनुसार प्रदूषण मापदण्डबाहिर परेका सवारी साधनहरूलाई पहिलोपटक चेतावनी दिएर छाडिएको थियो। सवारी प्रदूषण नियन्त्रणकै लागि अलग्गै कानुन तर्जुमा गरेको काठमाडौं महानगरपालिकाले परीक्षणलाई निरन्तरता दिने बताएको छ। नगरवासीको स्वास्थ्य रक्षाका लागि काठमाडौं महानगरपालिकाले देखाएको तदारुकता अरू पालिकाहरूका निम्ति पनि अनुकरणीय देखिन्छ। यस्तै काठमाडौं महानगरपालिकाले पनि आकस्मिकमात्र होइन नियमितरूपमै सवारी साधनको प्रदूषण परीक्षण गर्ने व्यवस्था मिलाउनु उचित हुनेछ। नेपाल सरकार सवारी साधनको प्रदूषण परीक्षणमा असफल सिद्ध भएको छ। साधन स्रोत, जनशक्ति तथा उन्नत प्रविधिको अभावका कारण प्रदूषण मापदण्ड राम्ररी पालना गराउन नसकेको बताइए पनि यसको मूल कारण भने विभागमा व्याप्त भ्रष्टाचार मानिन्छ।

यसैले भ्रष्टाचारका मामिलामा अपेक्षाकृत बदनाम नभएको काठमाडौं महानगरपालिकाले गम्भीरतापूर्वक प्रयास गरेमा प्रदूषण मापदण्ड पालना गराउन सक्छ। यस्तै, प्रदूषणको स्तर धेरै बढेका अवस्थामा सवारी सञ्चालनको नियमन तथा नियन्त्रण गरेर पनि हावालाई सास फेर्न सकिने मापदण्डभित्र राख्न स्थानीय पालिकाहरू प्रयत्नशील हुनुपर्छ। काठमाडौं महानगरपालिकासँगै ललितपुर महानगरपालिकालगायत उपत्यकाका सबै पालिकाहरूले प्रदूषण नियन्त्रणलाई प्राथमिकता दिएमा उपत्यका पुनः सुन्दरका साथै स्वच्छ पनि बन्न सक्छ। यसैले काठमाडौं महानगरपालिकाले गरेको प्रयासमा अरू पालिकाहरूले साथ र नेपाल सरकारले आवश्यक सहयोग दिनुपर्छ। नागरिकहरूको त यस्तो सराहनीय अग्रसरतामा साथ र समर्थन हुने नै छ।

### महशुल नबुझाउँदा...

रहेका वडा नम्बर १ का अध्यक्ष सूर्यनारायण यादवले बताए। "पालिकाले किसानको विद्युत महशुल तिर्ने जिम्मा लिएपछि समयमा तिर्नु पर्ने हो। समयमा महशुल नतिर्दा जरिवाना बेहोर्नु पर्ने अवस्था भएको हो। त्यसोहुँदा नगरले विनियोजन गरेको बजेटभन्दा महशुल रकम धेरै उठेकोले शुल्क बुझाउन समस्या भएको हो।" अध्यक्ष यादवले पालिकाले चालु आर्थिक वर्षमा कृषि विद्युत महशुल बुझाउन ४५ लाख विनियोजन गरेको छ। उहाँका अनुसार अघिल्लो आर्थिक वर्षमा पालिकाले २० लाख रुपैयाँ विद्युत प्राधिकरणमा बुझाएको थियो।

विनियोजित बजेट र उठेको महशुल रकमको तालमेल नमिल्दा समस्या भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङ्गले बताए। उनले भने,"नगरसभाले योजना बनाएर मात्र भएन, त्यसमा कति बजेट विनियोजन भएको छ भन्ने मुख्य कुरा हुन्छ। बजेट र भुक्तानी गर्नुपर्ने महशुलको तालमेल मिलिरहेको छैन। कार्यपालिका बैठकमा यस विषयमा छलफल गरी निकास निस्कन्छ।"

### प्रदेश सरकारले ...

स्वास्थ्यमन्त्री सिंहले लक्ष्मीनियाँ गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रलाई भ्याक्सिन केरियर बुझाएर अभियानको शुभारम्भ गरेको कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेशका सचिव राजेश मिश्र, खोप सल्लाहकार समितिका सदस्य गरिब दास ठाकुर सहितकाले अभियानलाई सफलताको शुभकामना व्यक्त गरेको थियो।

# 'व्यक्तिगत स्वार्थ हाबी हुँदा मधेस प्रदेश समृद्ध हुन सकेन'



रत्नेश्वरलाल कायस्थ, पूर्वप्रदेश प्रमुख, मधेस प्रदेश

**एसके यादव**

३६ वर्ष काम गरेर नेपाल सरकारको सचिव पदबाट अवकाशप्राप्त रत्नेश्वरलाल कायस्थ तत्कालीन मधेसी जनअधिकार फोरम नेपालमा २०६३ सालमा आबद्ध भएका थिए। मधेस आन्दोलनमा सक्रिय भूमिका खेलेका उनी उक्त पार्टीको वीरगञ्ज महाधिवेशनबाट सचिवसम्म भए। पार्टीमा बौद्धिक र शालीन व्यक्तित्वको रूपमा परिचित कायस्थ २०७४ सालको चुनावपछि मधेस प्रदेश प्रमुख नै भए। आफ्नो जागिर र पढाइमा जहिले पनि उत्कृष्ट ठहरिएका कायस्थले त्यही अनुभवका आधारमा काम गर्न खोजेका थिए। तर, पूर्णकार्यकाल उनी सो पदमा रहन सकेनन्। पञ्चायत, बहुदल र गणतन्त्र तीन वटै व्यवस्थामा उच्च तहमा रहेर काम गरेका मधेस प्रदेशका पूर्वप्रदेश प्रमुख कायस्थसँग उनका अनुभवबारे गरिएको कुराकानीको सम्पादित अंशः

**उच्चपदस्थ जागिरबाट रिटायर्ड भएर राजनीतिमा आउनुभयो, सरकारी जागिर अवधिको अनुभव कस्तो रह्यो ?**

करिब ३६ वर्ष सरकारी जागिरमा बिताएँ। विभिन्न उच्च पदमा रहेर काम गरेँ। त्यो अवधिले जीवन जिउन सिकायो। त्यसले जीवनमा देश र समाजप्रति केही राम्रो काम गर्नुपर्छ भनी सिकायो। आफूले लिएको अनुभव र ज्ञानले समाजका लागि केही गर्नुपर्छ भनी अन्तिम समयमा राजनीतिमा लागेको हुँ। रिटायरमेन्टपछि राजनीतिमा जुन योगदान दिएँ, त्यसमा जागिरे जीवनको अनुभवले निकै सघायो, राजनीति गर्न कन्फिडेन्स बढायो, काम गर्न सहज भयो। म जति दिन राजनीतिमा रहेँ, त्यति सफल रहनुको कारण मेरो जागिरे जीवन नै हो। जागिर अवधिमामा पञ्चायतीदेखि बहुदलसम्मको अनुभव लिए। त्यसैले नै गणतन्त्र ल्याउन संघर्ष गर्न मलाई सिकायो।

**तपाईंले मधेसी जनअधिकार फोरम नै किन रोज्नुभयो त ?**

मेरो पारिवारिक राजनीतिक पृष्ठभूमि कांग्रेस हो। सैद्धान्तिक रूपमा कांग्रेस पक्षधर नै थिएँ। कार्य अवधिमा कांग्रेस, कम्युनिस्टको राजनीतिक गतिविधि देखेँ। त्यसले चलाएको सरकारको अनुभव पनि लिएँ। एउटा विकासशील मुलुकका जनताले जे खोजिरहेका थिए, त्यसलाई ती कांग्रेस, कम्युनिस्टका नेता तथा उसले नेतृत्व गरेको सरकारबाट त्यो डेलिभर भइरहेको थिएनजस्तो मलाई लागिरहयो। म रिटायर्ड भएपछि नयाँ शक्तिका रूपमा माओवादी र मधेसी जनअधिकार फोरम आएको थियो। यसले देश परिवर्तन गर्न सक्छ भन्ने मलाई लाग्यो। किनभने, कांग्रेस र एमालेका कामका शैली अनुभव गरिसकेको थिएँ। त्यसैले फोरममा आबद्ध भएँ।

**तपाईंले पञ्चायत, बहुदल र गणतन्त्र तीन वटै समयमा उच्च ओहदामा रहेर काम गर्नुभयो, यी तीन वटै समयलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

पञ्चायती, बहुदल वा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र यी सब प्रणाली हुन्। जुन व्यवस्था आए पनि जनताका लागि काम हुनुपर्छ। पञ्चायती वा राणाकाल, जेमा भए पनि जनताका लागि भयो भने त्यो राम्रो हुन्छ। बहुदलमा जनताका लागि राम्रो काम भएको भए गणतन्त्र नै चाहिँदैनथ्यो। गणतन्त्रमा राम्रो काम भएन भने जनताले फरक ढंगले सोच्न थाल्छन्। अर्थात् प्रणाली वा व्यवस्था केही होइन, मान्छेले के खोजेका छन्, त्यसमा ध्यान दिनुपर्छ। जे जस्तो व्यवस्था भए पनि समाज र देशका लागि काम गर्नुपर्छ। पञ्चायतले राम्रो नगरेर प्रजातन्त्र आयो। प्रजातन्त्रले राम्रो गरेन भनेर अफ अग्रगामी व्यवस्था गणतन्त्र ल्याइयो। तर, यसमा पनि सुधारका कुराहरू भइरहेका छन्। काम भयो भने जनताले विकल्प खोज्दैनन्। मेरो अनुभवले त्यही भन्छ, डेलिभरी इज मोस्ट इम्पोर्टेन्ट।

**पञ्चायती व्यवस्थामा शानदार जागिर पाउनुभयो, बहुदलमा पनि सेवासुविधा पाउनुभयो, गणतन्त्रमा पनि मधेस प्रदेश प्रमुख नै बन्नुभयो। अनि तपाईंले नै डेलिभरी भएन भन्नुहुन्छ। कसरी ?**

खासमा म प्रदेश प्रमुख हुन्छु वा मन्त्री बन्छु भनेर म राजनीतिमा आएको होइन। समाज उत्थानका लागि लागेको हुँ। समाजलाई बुझेको छु, त्यसलाई अनुभव गरेको छु। अब त्यसका लागि केही गर्नुपर्छ भनेर ठाउँ खोजिरहेको थिएँ। समाजलाई राजनीतिक दलले मात्र परिवर्तन गर्न सक्छ। समाजले पनि सबैभन्दा बढी कुरा सुन्ने राजनीति दल नै हो। त्यसैले राजनीतिमा आएको हुँ। त्यो अवसर पाएर म प्रदेश प्रमुखसम्म बनेँ। पञ्चायतकामा पनि आफ्नो क्षमता र विवेकले जागिर पाएको थिएँ। त्यसले मलाई सचिवसम्म पुऱ्यायो। तर म एक जनाले समाजमा परिवर्तन भयो त ? जनताले खोजेका कुरा पाए त ? मेरो कन्सर्नको विषय नै यही हो।

**काम गर्ने मान्छेले त जहाँबाट पनि गर्न सक्छन्, प्रदेश प्रमुख नै किन ?**

पदमा भएको व्यक्तिसँग अधिकार र साधन स्रोत हुन्छ। नीति निर्माण तहसम्म उसको पहुँच हुन्छ। सायद अरू ठाउँमा गाह्रो हुन्छ। गर्न त धेरैले देशका लागि केही न केही गरिरहेका हुन्छन्, तर किन सक्सेस हुँदैनन् त ? अन्तिममा राज्य निकायको सहारा लिनुपर्छ। जहाँबाट जनताका लागि डेलिभरी गर्न सजिलो हुन्छ, त्यहाँ जानुपर्छ।

**त्यसोभए तपाईंले जुन प्लेटफर्म पाउनुभयो, त्यहाँ आफ्नो अनुभव सदुपयोग गर्न पाउनुभयो कि भएन ?**

कुनै व्यक्तिले कुनै काम एक्लै गरेको जस्तो सजिलो छैन, राजनीतिक प्लेटफर्म। यहाँ समूहमा काम गर्नुपर्छ। म त्यहाँ हुन्जेलसम्म टिम वर्क मिलेको थियो। काम गर्न सजिलो थियो। सरकारले ल्याउने नीति तथा कार्यक्रम म आफैँ बनाउँथेँ। कार्यान्वयन गर्न सरकारलाई सुझाव दिन्थेँ। मेरो कार्यकालमा थुप्रै कानुन निर्माणका विधेयकहरू बढे। विकास निर्माणका कामहरू बढ्यो। त्यसको मूल्यांकन अहिले पनि भइरहेको छ। हामीले कोरेको खाकामै अहिलेसम्मका सरकार चलिरहेका छन्। काम गराइका क्रममा कतिपय अवस्थामा ओभरल्याप पनि भएको होला। त्यसले गर्दा मैले दिएका सुझाव कार्यान्वयनमा नगएको हुन सक्छ। गर्न सकिने जति काम गर्न नसकेको होला, तर प्रयास भएकै थियो।

**तपाईं त्यहाँबाट हटेकेपछि काम गर्ने परिस्थिति त्यस्तै छ कि केही फरक पाउनुभएको छ ?**

म कसैलाई गुनासो गर्ने, टिप्पणी गर्ने पक्षमा छैन। तर, कसैको अनुभव र विज्ञको सुझाव लिने र त्योअनुसार कामहरू बढाउने कुराको अभाव देखिरहेको छु। डेलिभरीमा समस्या देखिरहेको छु।

**त्यस्तो हुनुको कारणचाहिँ के देख्नुभयो ?**

कुनै पनि व्यक्तिले बिनास्वार्थ कुनै काम गर्दैन। तपाईं कुन स्वार्थका लागि काम गरिरहनुभएको छ, त्यो मुख्य कुरा हो। राजनीतिमा अधिकांश मान्छेले व्यक्तिगत स्वार्थका लागि काम गरिरहेका हुन्छन्। देश र समाजको स्वार्थले व्यक्तिगत स्वार्थलाई पछाडि पार्न सकिरहेको छैन। मधेस प्रदेश सरकारको अवस्था पनि त्यही छ। त्यहाँ समाज र देशभन्दा व्यक्तिगत स्वार्थ हाबी भएको छ। त्यसले गर्दा समाज र देशका लागि काम भइरहेको छैन।

**यसमा तपाईंको पार्टी पनि दोषी होला नि, होइन ?**

म त अहिले पार्टीमा छैन। तर, पार्टीको काम हेरिरहेको छु। पार्टीमा आउने हरेक व्यक्ति एउटै खालका हुँदैनन्। विचार एउटै भए पनि पद्धति र शैली फरक हुन्छ। त्यही शैली र पद्धतिले धेरै कुरा बिगारेको हुन्छ भने धेरै सपारेको पनि हुन्छ। पार्टीले चाहेर पनि राम्रो काम गर्न नसकेका होला। कुनै व्यक्तिको कारण सफल नभएको होला, त्यो बेग्लै कुरा हो। पार्टीले राम्रो काम गरेको भए सबैले मन पराइहाल्थे। पार्टी कमजोर भएको छ। यसको मतलब कहीं न कहीं त त्रुटि पक्कै भएको छ।

**यसरी पार्टी कमजोर हुँदै जानुमा तपाईंको अनुभवले के भन्छ ?**

नेता होस् वा कार्यकर्ता, नवनिर्माणका लागि ऊ जसरी बढ्नुपर्ने हो, त्यसमा सकिरहेको छैन। नेताहरूको चेतनास्तर अझै विकास भएको छैन। अझै पनि सानोतिनो कुरामा अल्झिएका छन्। सबैमा यही समस्या देख्छु। नेताहरूमा 'प्यासेन्स' देखिँदैन। यस्तो जसपा नेपालमा मात्र होइन, अन्य पार्टीहरूमा पनि देखिएका छन्।

**संविधानले दिएको अधिकार प्रयोग गर्न नपाएको सबैभन्दा धेरै गुनासो मधेस प्रदेशले गरेको छ। तपाईंलाई के लाग्छ ?**

यो पनि व्यक्तिगत स्वार्थ हाबी भएकै कारण हो। त्यसले गर्दा हुनुपर्ने काम पनि भइरहेका छैनन्। संविधानमा यस्ता धेरै कुरा उल्लेख छन्, जुन पूर्ण रूपमा कार्यान्वयनमा आए जनताले ठूलो राहत महसुस गर्छन्। तर, कतै न कतैबाट त्यसलाई रोक्ने काम भइरहेको छ। हो, यही हो व्यक्तिगत स्वार्थ। देश र समाजको स्वार्थ भए रोकिँदैनथ्यो। संविधान जस्तो छ, त्यसलाई फुलफेजमा कार्यान्वयनमा लैजानुपर्छ। प्रयोगमा ल्याउनुपर्छ, त्यसमा छिद्र खोजेर व्यक्तिगत स्वार्थका लागि अवरोध गर्ने काम भइरहेको छ। यसले जनतालाई अप्ठ्यारो भइरहेको छ। एउटा मान्छेले त्यही कानुन टेकेर राम्रो काम गरिरहेका हुन्छ भने अर्कोले सकिरहेको हुँदैन। अर्थात् जे छ त्यसलाई इमानदारीपूर्वक कार्यान्वयनमा लैजानुपर्छ, यसको अभाव मधेस प्रदेशमा देखिएको छ।

**नेपालमा विकास भएन भनिन्छ। तपाईंलाई के लाग्छ ?**

यहाँ कुरा आउँछ दृश्य कि अदृश्य विकास। दृश्य विकास भनेको घर, सडक, भ्युटावर, पुलपुलेसा, बिजुलीलगायत हो। अदृश्य विकास भनेको चरित्र निर्माण हो। त्यसमा शिक्षा, स्वास्थ्यको कुरा हुन्छ। त्यसलाई देखिँदैन, अनुभव गर्न भने सक्छ। तर, यहाँ दृश्य विकासमा बढी जोड दिइन्छ। गाउँमा सडक, बत्ती, भवन, इन्टरनेट पुगेको छ, त्यसको सदुपयोग छैन। अर्थात् मान्छेको चेतनाको विकासमा जोड दिनुपर्छ। उसलाई शिक्षित बनाउनुपर्छ। समाज शिक्षित भयो भने सबै विकास आफै हुन्छ। शिक्षा र स्वास्थ्यको अगाडि

–बाँकी तीन पेजमा

## 'व्यक्तिगत स्वार्थ ...

भौतिक विकासको कुनै अर्थ रहँदैन। बहुदलमा प्रतिव्यक्ति ३–४ हजार ऋण थियो, तर अहिले ७५–७६ हजार पुगेको छ। ऋण बढ्यो तर, विकास किन हुन सकेन ? त्यसको विश्लेषण गर्‍यो भने सबै छर्लङ्ग हुन्छ। विकास गर्न भिजनरी लिडरसिप र इमान्दार नेता देशमा भएनन्। तर म आशावादी छु, कुनै न कुनै लिडर आउँछन् र देश बनाउँछन्।

## सिरहा कारागारबाट ...

सुनाए। अन्सारी भन्छन् नाइके महतोसँग जेल प्रशासन , सिडियो र एसपी सबैको मिलोमतो छ , नाइके महतोले जिल्लाका हाकिमहरुसँग फोन सम्वाद गरिरहन्छन्। अन्सारी भन्छन् जेलभित्र नाइके महतोले ठूलो व्यपार चलाएका छन्। चुरोट सूर्या ४५ , शिखर २५, खुकरी २०, प्रति खिल्ली र राज निवास गुट्खा प्रति प्याकेट २५ रुपैयाँमा बिक्री गर्छन्। थरीथरीका मदिरा, लागु औषध जेल भित्र उपलब्ध छ। जेसले जे किने पनि नाइकेकै पसलबाट किन्नु पर्छ। बाहिरबाट मगाएको थाहा पायो भने उसले कैदीलाई थलापर्ने गरी कुट्छ। कैदीको गुनासो कसैले सुन्दैन।

अन्सारी भन्छन् कसैले बाहिर गएर पत्रकार वा मानव अधिकारकर्मीहरुलाई केही सुनायो भने उसलाई फेरि कुनै मुद्दामा फसाएर जेलभित्र मगाउँछु , त्यसपछि कुट्छु भनेर धम्की दिइन्छ। अन्सारीले बताए अनुसार नाइके महतोले मोवाइल राखेका छन्। जेलभित्रका झण्डै ५५० कैदीले त्यहीबाट घरमा फोन गर्नुपर्छ। चर्को शुल्क लिइन्छ। फोनबाट मात्र उनले करिब ३ लाख महिनाको आम्दानी गर्छन्। सिरहा जेलमा लागु औषध र रक्सी जति पनि पाइन्छ। उनले भने हामी सानाको काम ड्युटी गर्नु हो। ३ महिना अघि सिरहा कारागार भित्र नाइके महतोले लागु औषध र मदिराको व्यापार चलाएको सञ्चार माध्यमहरुमा समाचार आएको थियो। त्यसपछि छानविनका लागि प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालले एक समिति गठन गरेका थिए। तर धेरै दवाव दिंदा पनि प्रजिअ दाहालले सो छानविन समितिको प्रतिवेदन सार्वजनिक गरेनन्। शुत्रहरुले जानकारी दिए अनुसार गृह मन्त्रालयबाट आएको पत्रमा कर्तव्य ज्यान मुद्दामा जन्म कैदमा सजाय पाएका नाइके विजय महतोलाई जेल सरुवा गर्न भनिएको छ। तर प्रमुख जिल्ला अधिकारी दाहलले नै उनको जेल सरुवा टार्न खोजेका छन्। यस सम्न्धमा सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालसँग जिज्ञासा राख्दा उनले भने, "हामीले पनि हिजो मात्र यो यस्तो घटना सुन्यौं। जेल प्रमुखलाई छानविन गर्न भनेका छौं। बुझ्ने काम हुँदैछ।"

त्यसैगरी प्रहरी उपरीक्षक रमेश पण्डितसँग सोधनी गर्दा उनले भने, "यसबारे सोधिखोजी सुरु भएको छ। छानविन गर्दैछौं। प्रमाणित भए उनीहरुलाई थप सजाय हुन्छ।" कारागार प्रमुख राजन घिमिरेले भने, "म भर्खरै आएको छु। दिउँसो जिल्ला प्रशासनमा काम गर्छु। साँझमा कारागार हेर्न पुग्छु। जेलभित्रका कुरा हामीलाई पनि सजिलै थाहा हुँदैन। म शूक्ष्म तरिकाले अध्ययन अनुसन्धान गर्दैछु। तथ्य फेला परेपछि कारवाही गर्छौं।" दावानलबाट

# अब एक डलर किन्न एक सय ४० रूपैयाँ, किन?

**विजयराज खनाल**

काठमाडौं, २३ माघ। बुधबार नेपालीहरूले एक सय ३९ रूपैयाँ ६२ पैसा तिरेर एक डलर साट्न सक्छन्। यो हालसम्मकै उच्च आसपास हो। मंगलबार डलरको विनिमय दर हालसम्मकै उच्च एक डलर बराबर एक सय ३९ रूपैयाँ ८० पैसा पुगेको थियो। डलरको भाउ (विनिमय दर)लाई सोझै नेपाली रूपैयाँसँग सम्बन्धित गरिएको छैन। अर्थात्, डलरको भाउ नेपालीले मुद्राको आधारमा नभएर भारतीय मुद्राको आधारमा तोकिन्छ। नेपाली मुद्रा र भारतीय मुद्राको विनिमय दर स्थिर (पेग्ड गरिएको) राखिएको छ। नेपालले लामो समयदेखि एक भारूको लागि एक रूपैयाँ ६० पैसा तोकिएको छ। अन्तर्राष्ट्रिय व्यापारको करिब ७० प्रतिशत हिस्सा भारतसँगै रहेकोले पनि यसरी स्थिर दर बनाउँदा नेपाललाई लाभ हुने मानिएको हो।

अहिले डलरसँग भारूको विनिमय दर इतिहासकै सबैभन्दा कमजोर अवस्थामा छ। भारतीय सञ्चार माध्यमहरूका अनुसार बुधबार एक्सचेन्जहरूमा भइरहेको कारोबारमा एक डलर ८७.१२ भारूको दरमा कारोबार भइरहेको छ। गत सोमबार पहिलो चोटी डलरको तुलनामा भारू इतिहासकै कमजोर भएको थियो। सो दिन पनि एक डलरको ८७.२९ भारू परिरहेको थियो। अमेरिकामा डोनाल्ड ट्रम्पले राष्ट्रपतिको जिम्मेवारी सम्हालेसँगै उनले व्यापारमा कर बढाउने तयारी गरिरहेका छन्। यही तनावको कारण भारू समेत कमजोर भइरहेको हो। अमेरिकाको राम्रो सम्बन्ध रहेका क्यानडा र मेक्सिको जस्ता मुलुकबाट हुने आयातमा समेत ट्रम्पले कर बढाउने भएपछि भारत पनि यसबाट अछुतो नरहने आँकलन गरिएको छ। यसले भारतबाट अमेरिका तर्फ हुने निर्यात प्रभावित हुन सक्छ।

बिबिसिका अनुसार २०२३ मा भारतबाट अमेरिकातर्फ वस्तु निर्यात ४० प्रतिशतले बढेर १२३ अर्ब डलर र सेवा निर्यात २२ प्रतिशतले बढेर ६६ अर्ब डलर पुगेको थियो। तर, अमेरिकाबाट भारततर्फको निर्यात भने मात्रै ७७ अर्ब डलर रहेको छ। भारतबाट अमेरिकातर्फ नियात हुने स्टिल आल्मुनियम, औषधि लगायतका उत्पादनमा कर बढ्न सक्ने अनुमान गरिएको छ। हालै भारतले अमेरिकासँग नरम व्यवहारको संकेत गर्दै त्यहाँबाट भारत भित्रिने हृयरले डेभिडसन मोटरसाइकलहरूको भन्सार शुल्क घटाएको थियो। १६०० सिसिको मोटरसाइलको भन्सार शुल्क ५० बाट ४० प्रतिशत र १६०० सिसि माथिको मोटरसाइकलको भन्सार शुल्क ५० बाट घटाएर ३० प्रतिशतमा झारेको थियो। सन् २०२४/२५ मा भारतमा यस्तो ३० लाख डलर बराबरका यस्ता मोटरसाइकल आयात भएको थियो।

अमेरिकाले फेब्रुअरी एकबाट लागु हुने गरेर क्यानडा र मेक्सिको जस्ता मुलुकबाट हुने आयातमा २५ प्रतिशत लेभी (कर) लगाएको फर्स्ट पोस्टले आफ्नो समाचारमा उल्लेख गरेको छ। भारत पनि कर वृद्धिको चपेटामा पर्न सक्ने आँकलन गरिएको हो। कतिपय लगानीकर्ताहरूले सन् २०२७ सम्ममा एक डलरको लागि एक सय भारू पर्न सक्ने विश्लेषण समेत गर्न थालेका छन्। भारतीय मुद्राको तुलनामा डलरको भाउ १४ वर्षका दोब्बर भएको र वार्षिक पाँच प्रतिशतको हाराहारीमा बढेको विश्लेषणबाट देखिएको समेत सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्। डलरको तुलनामा भारूमा आएको गिरावटको कारण नेपाली मुद्रा पनि करिब एक वर्षको अवधिमा पाँच प्रतिशतले अवमूल्यन भएको छ। २०८० फागुन २९ गते एक डलरको सटही दर एक सय ३२ रूपैयाँ ७२ पैसा रहेको थियो। अहिले सटही दर ५.१७ प्रतिशतले बढेर एक सय ३९ रूपैयाँ ६२ पैसा छ। (विभिन्न एजेन्सीको सहयोगमा)

# सत्तामा एकाएक बढ्यो जसपा नेपालको 'बार्गेनिङ पावर'

काठमाडौँ, २३ माघ। प्रतिनिधिसभामा पाँच र राष्ट्रिय सभामा तीन सिट रहेको जनता समाजवादी पार्टी नेपाल अहिले सत्तासँग बार्गेनिङको केन्द्रबिन्दुमा पुगेको छ। सरकारलाई समर्थन गरे पनि संघीय तथा प्रदेश कुनै पनि सरकारमा ऊ सामेल छैन। तर सरकारले ल्याएको ६ वटा अध्यादेश उसकै कारण राष्ट्रियसभामा अड्किने देखिएको छ। यस्तो अवस्थामा यस पार्टीलाई अहिले सत्ताधारी र विपक्षी दुवैले खोजिरहेका छन्। सत्ता पक्षका एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई फोन नै गरेर अध्यादेशमा सहयोग गर्न आग्रह गरिसकेका छन्। विपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष 'प्रचण्ड'ले पनि यादवलाई सम्पर्क गरेर अध्यादेशविरुद्ध उभिन आग्रह गरिरहेका छन्।

एमाले–माओवादी केन्द्रको गठबन्धन बनेपछि मधेस सरकारबाट बाहिरिनुपर्दा चित्त दुखाइरहेको जसपा नेपाल आफ्नो पार्टी विभाजनका कारण संघ सरकारबाट बाहिरिए पनि प्रदेश सरकार नछाड्ने सोचमा थियो। यसका लागि त्यतिबेला नै एमाले–माओवादी गठबन्धनसँग पार्टी अध्यक्ष यादवले पटक–पटक कुरा गरेका थिए। एमाले–कांग्रेस गठबन्धन बनेपछि अध्यक्ष यादव मधेस प्रदेशमा सरकारको नेतृत्व लिने सोचमा थिए। त्यसका लागि उनले प्रधानमन्त्री ओली र सभापति देउवासँग पनि छलफल पनि गरेका थिए, तर देउवा सकारात्मक भए पनि ओलीले खासै चासो दिएनन्। अहिले त्यसैको बदला लिने तहमा जसपा नेपालका अध्यक्ष यादव पुगेका हुन्।

राष्ट्रियसभामा वामदेव गौतमले कांग्रेस–एमालेलाई सहयोग गरे पनि अध्यादेशमा बहुमत पुऱ्याउन एक सिट अभाव छ। राष्ट्रिय जनमोर्चासँग उक्त एक सिट भए पनि उसले खुलेरै अध्यादेशमा सहयोग नगर्ने स्पष्ट पारिसकेको छ। जसका कारण अहिले बल यादवको कोटमा पुगेको हो। जसपा नेपालले सरकारलाई दबाब दिन र अध्यादेशबारे अध्ययन गर्न उपाध्यक्ष राजकिशोर यादवको नेतृत्वका पाँच सदस्यीय कार्यदल नै गठन गरेको छ। दुई दिनदेखि सिंहदरवारमा कार्यदलको बैठक चलिरहेको छ। विभिन्न विज्ञहरूलाई बोलाएर सिंहदरबारमै छलफल चलाएपछि यसले सरकारमाथि ठुलो दबाब परेको छ। त्यो कार्यदलले दिने प्रतिवेदनका आधारमा जसपा नेपालले अध्यादेशमा समर्थन गर्ने/नगर्ने निर्णय लिने जसपा नेपालका सचिव एवं कार्यदलका सदस्य शैलेन्द्र साहले बताए।

उता कार्यदलले अध्यादेशबारे छलफल गरिरहँदा अध्यक्ष यादव भने सरकारसँग विभिन्न बार्गेनिङ लागेका छन्। उक्त पार्टीका एक नेताले भने, 'हामीलाई अहिले सत्ता चाहिएको छैन, हाम्रो लागि पार्टी मुख्य हो, जसरी सरकारले हाम्रो पार्टी विभाजन गऱ्यो, त्यसरी नै फिर्ता गर्नुपर्छ हाम्रो मुख्य सरोकार हो।' एमाले–माओवादी गठबन्धनको सरकार हुँदा जसपा नेपाल विभाजन भएको थियो। अशोक राईले सात जना सांसद लिएर पार्टीबाट अलग्गिएर जसपा गठन गरेका थिए। त्यसमा सरकारको पनि साथ रहेको थियो। अहिले पार्टी विभाजनको विवाद सर्वोच्च अदालतमा विचाराधीन छ। लामो समयदेखि मुद्दा विचाराधीन रहेको दोष जसपा नेपालले सरकारलाई नै दिइरहेको छ। सरकारले पनि राई नेतृत्वको जसपालाई नै सघाएकाले चाँडै मुद्दा फैसला नभएको जसपा नेपालका नेताहरूको बुझाइ छ।

जसपा नेपालका ती नेताले भने, 'सरकारले हामीलाई सहयोग गरेको छैन, हामीले सरकारलाई किन सहयोग गर्ने ? हामीलाई पनि सहयोगबापत केही चाहियो।' मधेस प्रदेश सरकार परिवर्तन गर्ने प्रधानमन्त्री ओलीको चाहना छ। जसका कारण त्यहाँ सरकार पाउने आसमा जसपा नेपाल छ। तर, ओलीले यस विषयलाई खासै प्राथमिकतामा भने राखेका छैनन्। जनमत पार्टीका अध्यक्ष डा.सीके राउतसँग प्रधानमन्त्री ओली खासै सन्तुष्ट पनि देखिएका छैनन्। प्रधानमन्त्री ओलीले मधेस प्रदेश सरकार परिवर्तन गरे जसपा नेपालले त्यसलाई सघाउन सक्छ। तर, जसपा नेपालका कार्यकारिणी सदस्य एवं राष्ट्रिय सभाका सदस्य मृगेन्द्रकुमार सिंह भने आफूहरूले सत्ताको कुनै बार्गेनिङ नरहेको दाबी गरे। भने, 'हामीले अध्यादेशबारे अध्ययन गरिरहेका छौँ, जनताको हितमा भयो भने समर्थन गर्छौँ, नभए गर्दैनौँ सत्ता बार्गेनिङको कुरा होइन।'

कार्यदलका सदस्यसमेत रहेका नेता सिंह सत्ताका लागि जसपा नेपालले बार्गेनिङ गरेको भन्नु सरासर गलत भएको बताउँछन्। 'पार्टीलाई बदनाम गराउने प्रपञ्च हो, जसपा नेपाल अध्यादेशको दफा दफामा अध्ययन गरिरहेको छ, साँझसम्म एउटा निष्कर्षमा पुग्न सकिन्छ,' उनले भने। कार्यदलका अर्का सदस्य शैलेन्द्र साहले पनि अध्यादेशको विषयमा जसपा नेपालले सत्ता वा कुनै विषयमा बार्गेनिङ नगरेको दाबी गरे। 'मिडियामा यस्ता कुराहरू ल्याएर पार्टीलाई बदनाम गराउने प्रयास गरिरहेका छन्, त्यसमा हामी सचेत छौँ,' उनले भने। राष्ट्रिय सभामा अध्यादेश पास गराउन मात्र एक सिटको खाँचो छ। जसपा नेपालसँग तीन सिट छन्। त्यही तीन जना सांसदका कारण जसपा नेपाल अध्यादेशका लागि निर्णायक देखिएका हुन्।

त्यसैगरी राष्ट्रिय सभामा कांग्रेसका १६ जना, एमालेका १२ जना (वामदेव गौतम र मनोनीत अञ्जना शाक्यसहित) छन्। त्यस्तै लोसपाका एक जना छन्। अर्थात् गठबन्धनसँग जम्मा २९ सांसद मात्र छन्। ५९ सदस्यीय राष्ट्रियसभामा बहुमतका लागि ३० सांसद चाहिन्छ। राष्ट्रिय जनमोर्चाले सुरुमै अध्यादेशमा सहयोग नगर्ने स्पष्ट पारिसकेको छ। जसका कारण यतिबेला जसपा नेपाल निर्णायक शक्तिको रूपमा देखा परेको हो।

# पानी नपरी बित्दै हिउँद, किसान चिन्तित

महोत्तरी, २३ माघ। यसपालि सिङ्गो हिउँद पानी नपरी बित्ने लाग्दा किसान निरास छन्। वसन्तपञ्चमी पर्व मनाइसक्दासम्म पानी पर्ने चालचुल नदेखेपछि महोत्तरीका किसान अहिले अपेक्षित हिउँदेबाली नहुने चिन्ताले पिरोलिएका छन्। "हिउँद पानी नपरी बित्यो", बर्दिवास–९ टोकीटोलका ६० वर्षीय किसान रामचन्द्र थापा मगर भन्नुहुन्छ, "खै हिउँदे बाली राम्ररी भित्र्याउन पाइएला जस्तो छैन।" कुलोको स्थायी सिँचाइको प्रबन्ध नभएको आफ्नो ठाउँमा इनारको पानी मोटरले तानेर बाली सेचन गर्ने गरिएको उनको भनाइ छ। यसपालि अहिलेसम्म हिउँदे वर्षा नहुँदा इनारमा पानीको सतह गहिरिँदै गएर मोटरबाट पानी तान्न नसकिने अवस्था बनेको थापासहित टोकीटोलका किसानको चिन्ता छ।

माघ अन्तिम साता लागि सक्दा हुस्सुले छाडेको छैन। हिउँदमा हुस्सु लाग्नु स्वभाविक भए पनि माघ लागेपछि घाम तात्दै जाने पुरानो मौसमको थिति खलबलिएको किसान बताउँछन्। "आकास धुम्मिएको धुम्मियै छ, पानी पर्न सकेको छैन", बर्दिवास–७ का ७० वर्षीय विन्देश्वर यादव भने। खेतबारीमा तरकारी बाली हुस्सुले कक्रदै तथा पानी नपरेर माटो रुखिएको उनले बताए। भङ्गाहा–४ रामनगरका ७५ वर्षीय इस्लाम राइन भने, "यो हामीले पहिले देखे भोगेभन्दा फरक हुँदैछ।" एक दशक अघिसम्मका ऋतुपिच्छेका मौसममा गरिने अड्कल अब मेल खान छाडेको राइनकै छिमेकी जव्वार शेष बताए। हिउँदे पानी नपर्दा गहुँ, उखु र दलहन बाली राम्ररी बढ्न सकेको छैन। यसैगरी भण्टा, रामतोरीया, खुर्सानी लगायत तरकारी पानी नपर्दा ओइलिन लागेका छन्। माटोमा चिस्यान नहुँदा पर्खनुको विकल्प नरहेको गौशाला–११ का भोगेन्द्र महतो बताए।

हिउँदे वर्षा जमिन भिजाउने मात्र नभई बालीनालीका लागि अत्यन्त पोसिलो हुने पाका किसान बताउँछन्। भर्खरै हुर्कदै गरेका वैशाखी लहरे तरकारी, उखु , आँपसहितका फलका रुख हिउँदे वर्षा पाएपछि लहलहाउने पाका किसानको अनुभव छ। तर, यसपाली वर्षा नै नभई हिउँद बित्दै गएपछि यी बालीबाट अपेक्षित उत्पादन लिन नसकिने किसानमा चिन्ता बढेको छ। हिउँदमा पानी नपरेपछि खानेपानीका स्रोतहरु इनार, चापाकल गर्मी चढेसँगै चाँडै सुक्ने छन्। खानेपानीको हाहाकार पर्नसक्ने बर्दिवास–१२ बिजलपुराका ६५ वर्षीय किसान रामविलास सिंह बताए। हिउँदमा पानी नपरेपछि अहिले माघ नसकिँदै खोल्साखोल्सी सुकी सकेका छन्। सदाबहार भुल्के (जरुवा) पानीको मुहानमा पानी देखिन छाडेको छ। हिउँदे वर्षा नभएपछि फलका रुखमा मज्जर ९मञ्जरी० कम लाग्ने, मज्जर धेरै झर्ने र मधुवारोगको प्रकोप बढ्ने चिन्ता छ।

हिउँदमा पानी पर्दा बालीनालीमा रोगको प्रकोप कम हुने र बाली हलक्क बढ्ने किसानको अनुभव छ। हिउँदे सम्यक वर्षा बालीनालीलाई अमृत नै हुने औरही–७ का मोहन महतो बताए। "हिउँदे वर्षा सिँचाइ मात्र हैन, बालीको पोषण र रोग प्रतिरोधका लागि रामवाण ९बिस्तुर नजाने० हुन्छ", उनले भने। महोत्तरीको कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये १० प्रतिशत मात्र कुलो लाग्ने छ। यस्ता जग्गामा पुगेका कुलोको पानीका स्रोतका मुहान पनि हिउँदे वर्षा नभएपछि सुक्दै गएका छन्।



# तीन दिवसीय जनकपुर साहित्य महोत्सवः विचार, बहस र संस्कृतिको संगम




**लक्ष्मी चौधरी**


जनकपुर, २३ माघ। मिथिला सभ्यता र संस्कृतिको धरोहर बोकेको जनकपुरधाममा विचार, बहस र साहित्यिक उत्सवको केन्द्रबिन्दु बन्ने तयारीमा तीन दिवसीय जनकपुर साहित्य महोत्सवको छैटौं संस्करण सुरु हुने भएको छ। "धरातल, संस्कृति र संस्कारको उत्सव" भन्ने मूल थिमका साथ यही माघ २४, २५ र २६ गते तीन दिनसम्म चल्नेछ भने महोत्सवमा साहित्यिक विमर्श, सामाजिक, आर्थिक र राजनीतिक बहसका कुरा समेटिनेछ। नव मिथिला फाउन्डेसनद्वारा आयोजित तीन दिवसीय जनकपुर साहित्य महोत्सव २०८१ को छैटौं संस्करणमा १४ वटा प्यानलमा छलफल र ३ वटा एकल प्रवचन समावेश गरिएका छन्, जसले साहित्यको सिमाना मात्र नभई समाजका विविध आयामहरूलाई उजागर गर्नेछ।

महोत्सवको उद्घाटन कार्यक्रममा ख्यातिप्राप्त लेखक सीके लालले विद्वत् प्रवचन गर्नुहुनेछ। यससँगै, नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले 'उज्यालोको यात्रा' मा आफ्नो अनुभव बाँड्नुहुनेछ भने भारतीय लेखक सुबोधचन्द्र भारतीयले 'सीता र रोटीबेटीको सम्बन्ध' विषयमा विचार राख्नुहुनेछ। खगेन्द्र संग्रौलाले 'आन्दोलन र साहित्य' मा आफ्नो विश्लेषण प्रस्तुत गरेको छ। यस्तै 'नेपालको परराष्ट्र नीति र सीमाञ्चल' सत्रमा पत्रकार सुधीर शर्मा, लेखक तुलानारायण साह र इन्द्र अधिकारीको सहभागितामा गहिरो बहस हुनेछ, जुन पत्रकार अनिल गिरीले सहजीकरण गर्नुहुनेछ।

'नेपाली उद्यमीको यात्रा' मा उद्योगपति सौरभ ज्योति, सुलभ बुढाथोकी र असीममान सिंहले आफ्ना अनुभव साझा गर्नुहुनेछ भने 'आनन्दको खोजी' सत्रमा पत्रकार घनश्याम खड्का र लेखक समा थापा बिच विचार विमर्श हुने छ। महोत्सवमा जनकपुरका चुनौती र अवसरहरू, डिजिटल युगमा पठन संस्कृति, क्रिकेटः समस्या, समाधान र सम्भावना, मधेश महिमाः उद्यमको व्यावसायीकरण, नीतिमा युवाको चासो लगायतका सत्रमा बहस हुने फाउण्डेशनका अध्यक्ष अमित साहले जनाकारी दिए। उनले जसले साहित्य, कला, संस्कृति र सामाजिक विषयहरूमा गहिरो संवादको ढोका खोल्ने अपेक्षा गरिएको बताए।

यसैगरी, महोत्सवको उद्घाटन समारोहमा जनकपुरका १० विद्यालयका ६० जना विद्यार्थीले सामूहिक रूपमा 'इएह छी हमर जनकपुर' गीतमा कोरस प्रस्तुति गर्ने छन्, जसले स्थानीय सांस्कृतिक पहिचानलाई उजागर गर्नेछ। यस्तै, फाउण्डेसनका उपाध्यक्ष आदित्य नेपाल भन्नुहुन्छ, "यो महोत्सव केवल साहित्यिक उत्सव होइन, जनकपुर र मधेशको सामाजिक, आर्थिक र सांस्कृतिक चेतनाको प्रतिबिम्ब हो। विचारहरूको आदान–प्रदान र नयाँ सोचको विकास यहीँबाट सुरु हुन्छ।" यस्तै, उपाध्यक्ष नेपालले यस वर्षको अमित झा स्मृति साहित्य सङ्गीत पुरस्कार स्वर्गीय गुरुदेव कामतको नाममा उहाँका परिवारलाई दिइने बताए। यसैगरी, विचार र बहसको केन्द्रबिन्दु बनेर जनकपुरधाम पुन सञ्चालन हुन गइरहेको जनकपुर साहित्य महोत्सव २०८१ को छैटौं संस्करण समुद्घाटन मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहद्वारा गरिने आयोजक संस्थाले जनाएको छ।

# किसानको लागत नै उठ्दैन काउलीमा



सर्लाही, २३ माघ। सर्लाहीका किसानले उत्पादन गरेको काउली र बन्दा बिक्री हुन छाडेको छ। यहाँका किसानले अहिले काउली र बन्दा मुस्किलले प्रतिकेजी चारदेखि पाँच रुपियाँमा बेचिरहेका छन्। चन्द्रनगर गाउँपालिका–२, बबरगन्जका किसान बद्री साहले डेढ बिघा जग्गा भाडामा लिएर काउली खेती गरेकोमा मूल्य नै नपाएपछि समस्यामा परेको गुनासो गरे। गत वर्ष व्यापारीलाई काउली प्रतिकेजी १५ देखि २८ रुपियाँसम्म बेचेका साहले यस वर्ष चारदेखि पाँच रुपियाँमा बेच्नु परेको बताए। "गत वर्ष एक बिघामा काउली लगाउँदा २८ रुपियाँ केजीसम्म बिक्री गरेँ तर यस वर्ष त चार रुपियाँ केजी बिक्री गर्न पनि मुस्किल परिरहेको छ," साहले भने, "यो मूल्यमा काउली बेच्दा मलखाद, विषादी र कामदारको खर्च त कहाँ हो कहाँ पानी पटाएको खर्चधरी उठ्दैन।" साहले वार्षिक प्रतिकट्ठा चार हजार रुपियाँमा जग्गा भाडा तिरेर काउली खेती गर्नुभएको छ। जग्गाधनीलाई कसरी जग्गाको भाडा बुझाउने भन्ने चिन्ताले सताएको साहले दुःखेसो पोखे।

बिरगन्जकै रामदिनेश महतोले काउली खेती गर्ने किसान यस वर्ष निकै मारमा परेको बताए। पाँच रुपियाँ केजी काउली बिक्री गर्दा लागत नै नउठ्ने अवस्था आएको महतोको भनाइ छ। "एक कट्टा खेतमा काउली उत्पादन गर्न चार हजार रुपियाँभन्दा बढी लागत पर्न जान्छ तर अहिले किलोको चार/पाँच रुपियाँमा पनि बिक्री हुँदैन," महतोले भने, "हामी किसान त व्यापारीले जति मूल्य दिन्छन्, त्यतिमै बेच्न बाध्य छौँ।" किसानलाई मोटरसाइकलमा हालेर बजारसम्म काउली र बन्दा लगेर बिक्री गर्दा पेट्रोल खर्च उठाउनसमेत धौ धौ परेको छ।

# गजेन्द्रनारायण अस्पतालमा सीडीओको छड्के

**अवधेशकुमार झा**

राजविराज, २३ माघ। सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण अस्पतालमा मंगलबार प्रमुख जिल्ला अधिकारी भोला दाहालले छड्के अनुगमन गरेका छन्। पछिल्लो समय सरकारी सेवा प्रवाह हुने कार्यालयमा छड्के अनुगमन बढाएका प्रजिअ दाहाल मंगलबार अस्पताल पुगेका हुन्। अस्पतालमा अधिकांश स्वास्थ्यकर्मी र कर्मचारीले तोकिएको पोसाक नलगाएको पाइएको प्रजिअ दाहालले बताए। स्थायी तथा दरबन्दीमा रहेका कर्मचारीहरु बर्सेनि पोसाक भत्ता पाउने गरेका छन्।

अनुगमनमा रहेका प्रशासन कार्यालयका नायब सुब्बा संजीव साहका अनुसार अनुगमनका क्रममा अनुपस्थित कर्मचारी संख्या पनि अत्यधिक थियो। प्रजिअ दाहालले अस्पतालमा सरसफाइ अभाव देखिएको बताए। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा श्रीराम तिवारीले अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी दाहाल सहितको टेलीले दिएको निर्देशन र सुझाव कडाईका साथ कार्यान्वयन गर्ने बताए।

# भटमास र सूर्यमुखी तेलको निर्यात बढ्यो

वीरगञ्ज, २३ माघ। वीरगञ्ज नाका हुदैँ चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा भटमास र सूर्यमुखीको प्रशोधित तेल विदेशी मुलुकमा निर्यात बढेको छ। वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीका अनुसार चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा रु ११ अर्ब ९९ करोड १८ लाखको पाँच करोड ६० लाख ६६ हजार लिटर भटमासको तेल निर्यात भएको छ। गत आवको ६ महिनाको अवधिमा भने रु तीन करोड ११ लाखको एक लाख एक हजार तीन सय एक लिटर भटमासको प्रशोधित तेल निर्यात भएको थियो। छिमेकी मुलुक भारतमा भटमास र सूर्यमुखीको प्रशोधित तेलको निर्यात सहज भएकाले निर्यात उत्साहजनक ढङ्गले बढेको उहाँले जानकारी दिए।

"अहिले भारततर्फ प्रशोधित तेलको निर्यातमा क्रमशः सुधार देखिएको छ", सूचना अधिकारी तिवारीले भने। चालु आवको ६ महिनाको अवधिमा भटमासको तेल प्रशोधित मात्रै नभएर सूर्यमुखीको प्रशोधित तेलको निर्यात पनि बढेको छ। चालु आवको ६ महिनाको अवधिमा रु तीन अर्ब २१ करोड ९१ लाखको दुई करोड २८ लाख ४५ हजार लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ। गत आवको सोही अवधिमा भने नौ करोड ९४ लाख १० हजार मूल्य बराबरको सूर्यमुखीको तेल निर्यात भएको कार्यालयले जनाएको छ।

# नयाँ लुगा किन्ने कुरा मेरा लागि सपना मात्रै हो

**उर्मिलादेवी साह**



रौतहट, २३ माघ। झिसमिसेमा उठेबाटै मेरो दैनिकी सुरु हुन्छ। रौतहटको चन्द्रपुर नगरपालिका–५, चिडियादहमा मेरो घर छ। अहिले ४५ वर्षकी भएँ। रौतहटको चन्द्रनिगाहपुर चोकको पूर्वतिर रहेको टेम्पो पार्कछेउमा ठेला राखेर पकौडा बिक्री गर्छु। मेरो नाम उर्मिलादेवी साह भए पनि मलाई यहाँ भने 'पकौडावाली' भनेरै चिन्छन्। पकौडा बेचेरै एक दशकदेखि घरखर्च धानिरहेकी छु।

हरेक दिन पकौडा बनाउनका लागि सरदर पाँच सय रुपैयाँको सरसामान किन्छु। यसबाट एक दिनमा करिब सात/आठ सयको व्यापार हुन्छ। यसबाट बचत हुने दुई/तीन सय कमाइले मेरो घरखर्च चलेको छ। सधैं यस्तै व्यापार हुन्छ भन्ने पनि छैन। कुनै दिन त खर्च बराबर आम्दानी गर्न पनि मुस्किल पर्छ। त्यस्तो साँझ एक किलो चामल–दाल किन्न पसलमा उधारोका लागि हात पसार्नुपर्छ वा छरछिमेकीसँग सापट माग्नुपर्छ।

८० देखि १ सय रुपैयाँ किलोसम्म पर्ने चामलको भाउ सुनेर पनि मलाई बेलाबखत रिस उठ्छ। प्रतिकिलो १ सय ५० भन्दा माथि पर्ने दालको मूल्य सुन्दा त भाउन्न हुन्छ। अहिले सबै सामानको भाउ छोइसाध्ये छैन। हरियो तरकारी त किनेर खानै मुस्किल हुन्छ।

हातमुख जोर्नै धौधौ हुने समस्याले मलाई सधैं सताउँछ। तैपनि अनेकतिरबाट खर्च जोगाएर हरेक दिन खुत्रुकेमा बचत गर्छु। यही खुत्रुके फुटालेर हात परेको पैसाले गत छठमा परिवारका लागि नयाँ कपडा किनेकी थिएँ। कपडामा पाँच हजार खर्च लाग्यो। अब फेरि सबै सदस्यले नयाँ लुगा लगाउने भनेको अर्को छठमा मात्रै हो।

सडक छेउमा व्यापार गर्नेका निम्ति नगरपालिका पनि उदार भइदिएको भए घरखर्चका निम्ति यतिसारो धौधौ हुँदैनथ्यो। बेलाबखत नगरपालिकाको मेरो रोजीरोटीको आधार ठेला नै खोसिदिन्छ। सडक छेउमा व्यापार गरेको भन्दै यसअघि दुईपटक नगरपालिकाले उनको ठेला उठाइसकेको छ। दोस्रोपटक ठेला खोस्ने बेला नगर प्रहरीसँग ठेलमठेल भयो। त्यसबेला ठेलाका दुवै चक्का भाँचिए। त्यही भएर अहिले ठेला राम्ररी गुड्दैन। ठेला मर्मत गर्ने पैसा पनि जोगाउन सकेकी छैन।

मेरो मनमा नयाँ ठेला किन्ने सोच पलाएको त महिनौं भयो। तर पैसाकै अभावमा पूरा हुन सकेको छैन। कहिले बचत गरौंला र नयाँ ठेला किनौंलाजस्तो लाग्छ। यस्तो सपना देख्न थालेको पनि धेरै भइसक्यो। परिवारमा श्रीमान्, दुई छोरा, एक बुहारी र नाति छन्। तर, श्रीमान् र छोराहरू बेरोजगार छन्। म एक्लैको कमाइले कहिलेसम्म घरखर्च धानिने हो, टुंगो पनि छैन। घरखर्चकै चिन्ताले दिनरात सताउँछ। एक्लै भएका र व्यापार पनि नभएका बेला मेरो मनमा अनेक कुरा खेल्छन्। तर चोकमा भेला हुने आममान्छेका कथा, अटोरिक्सा र टेम्पो चालकका दुःखका किस्सा सुन्दा मेरा दुःख केही होइनजस्तो लाग्छ। यो हेरेर पनि मन बुझाउँछु।

मेरा दुःखको कुनै सिमाना छैन। अनेकन् सन्दर्भ छन्। एक साताअघि आफैं बिरामी परेँ। तर मसँग नजिकको मेडिकलमा गएर औषधि किन्ने पनि पैसा भएन। त्यसैले सिटामोल र बिहान खाली पेटमा खाने गरेर ५० रुपैयाँको औषधि उधारोमा किनेँ। निको भएको धेरै दिनपछि मैले त्यो उधारो चुक्ता गरेकी थिएँ। हाम्रो घरमा सबैभन्दा धेरै खर्च चामल र दाल किन्नमै हुन्छ। पैसा नै नबच्ने भएपछि नयाँ लुगा किन्ने कुरा त मेरा लागि अधुरो सपना मात्रै हो। प्रत्येक महिना चामल, दाल, तेल किन्दा कम्तीमा ५५ सय खर्च हुन्छ। यही खर्च कसरी धान्ने भन्नेमै पूरै महिना बित्छ।

५ धुर ऐलानी जग्गामा बनेको सानो घर नै हामीसँग भएको सबैभन्दा ठूलो अचल सम्पत्ति हो। खर्चको अभाव मेरालागि स्थायी दुःख हो। पैसाकै अभावमा आफूले दुई छोरालाई पढाउन नसकेको दुःखेसो मनमा गढेको छ। भन्न त मलाई सबैले मिहिनेती भन्छन्। तर मिहिनेत गरेर मात्रै सबै कुरा हुने रहेनछ कि क्या हो भन्ने कुराले मलाई सताइरहन्छ। कहिलेकाहीँ त लाग्छ– गरिब भएर जन्मिनु पाप त होइन होला [ जेनेतन काम गरेर खान्छु, परिवार पाल्छु भन्दा पनि व्यवसायलाई बलियो बनाउन सघाउने कोही छैनन्। त्यही कुरामा चिन्ता लाग्छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)